# स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०७९

**इच्छाकामना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कुरिनटार चितवन ।**

# कार्यविधि, २०७९

**प्रस्तावना:**इच्छाकामना गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्बर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयनगर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्धन गर्न कार्यविधि निर्माण गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि२०७८" रहेको छ।

(२) यो कार्यविधि इच्छाकामना गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग)"ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(घ)"कार्यविधि" भन्नाले बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि,२०७९सम्झनु पर्छ।

(ङ)"परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(च)"प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम स्थानीय तहको प्रशासकीय प्रमुखको रूपमा कार्यरत अधिकृत कर्मचारी भन्ने सम्झनु पर्छ।

(ज)“बाल कल्याण अधिकारी” भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(झ)  "बालगृह" भन्नाले ऐनको दफा ५२ बमिजम स्थापना भएको बालगृह सम्झनु पर्छ ।

(ञ)“बालक्लब वा बाल संस्था” भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले ऐनको दफा १० को आधारमा नियमावलीमा व्यवस्था भए अनुसार वा यस कार्यविधि बमोजिम इच्छाकामना गाउँपालिकाकामा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(ट)"बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि कार्यविधिको दफा २८ बमोजिम स्थानीय तहमा स्थापना गरिएको बाल कोष भन्ने सम्झनु पर्छ।

(ठ)"बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ड)“बाल सञ्जाल“ भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(ढ)"मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ण)"विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(त)“समाजसेवी वा मनोविज्ञ” भन्नाले ऐनको दफा ६२ बमोजिम गाउँपालिकामानियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमाबालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(थ)"बाल अधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम इच्छाकामना गाउँपालिकामा गठितगाउँ बाल  बाल अधिकार समिति तथा वडा स्तरिय बाल अधिकार समितिसम्झनु पर्छ।

(द) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून बमोजिमदर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ध) "सेवा प्रदायक निकाय" भन्नाले गाउँपालिका भित्र सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी,विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्देश्य तथा सिद्धान्त

३. **उद्देश्यः**यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्-

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन, प्रदेश ऐन एवम् स्थानीय तहमा भएका कानूनी र नीतिगत व्यवस्थाहरूको गाउँपालिकामा कार्यान्वयन गर्ने।

(ख) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्धन गर्ने।

(ग)बालबालिमाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

## परिच्छेद ३
## बाल अधिकारको संरक्षण, प्रचलन तथा सम्वर्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

४. **बाल अधिकारको संरक्षण गर्नुपर्नेः**(१) बालबालिकाकाहरुको अधिकारहरूको संरक्षण, तथा सम्वर्धन गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

(२) बालबालिकाको स्वस्थ जीवन तथा बाच्न पाउने अधिकारको कार्यान्वयन गाउँपालिकाले देहाय अनुसार गर्नेछः

(क) इच्छाकामना गाउँपालिका भित्रका सबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ ।

(ख) गभर्वती, सुत्केरी, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सबै किसिमका सेवासुविधा र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भएनभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरू गरी कानून र नीति बमोजिम बालबालिकाको स्वास्थ्य पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नेछ ।

(ग) इच्छाकामना गाउँपालिका भित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरूलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गर्नेछ ।

(घ) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार सहित), कुनै पनि किसिमका बालबालिकाविरूद्ध विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरू निषेध, पत्रुखानानिषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायत लैङ्गिकमैत्री सौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै किसिमका विद्यार्थीहरूमैत्री खेलकुद र सामानको व्यवस्था गर्ने गराउनेछ ।

(ङ) इच्छाकामना गाउँपालिका भित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्ने, गराइनेछ ।

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तीहरूको यथोचित वितरण र सोको अनुगमन गरिनेछ ।

(छ) इच्छाकामना गाउँपालिका र वडामा एक बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुद स्थान वा मैदानको व्यवस्था गरिनेछ।

(ज) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गर्नेछ।

(झ) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई सहज देखिने गरी राख्ने र सोबमोजिम लागू गरिनेछ।

(ञ) बालबालिकाविरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरू रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट बञ्चित, एचआइभी एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि बेनीघाटरोराङ गाउँपालिकाले सहजीकरण गर्नेछ।

(ट) इच्छाकामना गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ठ) इच्छाकामना गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार

तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्रनं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ।

(ढ) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ।

(ण) इच्छाकामना गाउँपालिका भित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ती, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिम अवस्थामा परेका, स्वास्थ र पोषण, एचआइभी प्रभावित लगायतको स्थिति बारे खण्डीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

(त) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीति तथा कार्यान्वयन कार्यविधि, २०६८ बमोजिम बालमैत्री स्थानीय तह घोषणा गर्न प्रयास गरिनेछ ।

५. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने:**गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ।

६. **बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:**बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी निर्माण वा मर्मत सम्भार गर्नु पर्नेछजसको आवधिक अनुगमन गाउँपालिकाले गर्नेछ।

७. **बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध तथा बालगृहको स्थापना तथा सञ्चालन:**(१) इच्छाकामना गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्येऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रवर्धनलाई प्राथमिकता दिनेछ।तर, यस बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा खण्ड (घ) को प्रयोजनका लागि ऐनको दफा ५२ बमोजिम पालिकाले बालगृह स्थापना तथा सञ्चालन गर्न सक्नेछ । तर, यस्तो व्यवस्था समेत हुन नसक्ने अवस्था भएमा हाल आफ्नो पालिकाभित्र वा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गर्नेछ।

(२)इच्छाकामना गाउँपालिका भित्र हाल सञ्चालनमा रहेका र ऐनको दफा ५२ बमोजिम सञ्चालन गरिने बालगृहको अनुगमन पालिकाले गर्नेछ।बालगृहले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड (नमूना) अनुसूची १ मा दिइएको छ ।

# परिच्छेद ४

## बाल सहभागिता तथा बालक्लब सञ्चालन

८. **बाल सहभागिताको अभ्यासः** (१) )इच्छाकामना गाउँपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट अफ्ना कार्यहरू सम्पादनको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गर्ने व्यवस्था गर्नेछ। यसैगरी, पालिकाको आवधिक र वार्षिक योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा र बालबालिका संलग्न हुने विद्यालय लगायत सार्वजिक निर्माण कार्यहरूमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, सबै किसिमका अपाङ्गता, यौनिक अल्पसंख्यक आदि) सहभागितालाई प्रवर्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवर्धनका लागि पालिकाले देहायका उपायहरू समेत अवलम्वन गर्नेछः

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।

(ख) पालिकाभित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला, आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(ग) बालक्लब, बाल संस्था तथा बालक्लब सञ्जाल दर्ता वा नवीकरणको लागि रीतपूर्वक परेका निवेदनका आधारमा दर्ता गरी दर्ताको प्रमाणपत्र निःशुल्क उपलब्ध गराउनेछ।

(घ) आवधिक रूपमा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्यांक तथा सूचना जानकारी स्थानीय बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषदमा पठाउनेछ।

(३) )इच्छाकामना गाउँपालिकाले बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरू गर्नमा रोक लगाउनेछः-

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइनेछैन।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्‍याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने कार्यमा रोक लगाउनेछ।

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित र्‍याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

९. **<u>बालक्लव वा संस्था दर्ता तथा नवीकरण:</u>**(१) ऐनको दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालक्लब वा संस्था खोल्ने अधिकार सुनिश्चित गरिएको छ । उपदफा (२) मा बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । यस सन्दर्भमा बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बालक्लब वा संस्था दर्ता गर्न चाहेमा पालिकामा देहायका विवरण सहित अनुसूची २ बमोजिम निवेदन दिनु पर्नेछ ।

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा,ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा पालिकाले बालक्लब वा संस्थादर्ता गरी दर्ता अनुसूची ३ बमोजिमको प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष गाउँपालिकामा देहायको विवरण खुलाई नवीकरणको लागि निवेदन दिन सक्नेछन्:

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको सङक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा पालिकाले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ ।

(५) बालक्लब वा संस्थादर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म गाउँपालिका तथा गाउँ बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(७) गाउँ बाल अधिकार समितिले बालक्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(८) बालक्लब वा संस्थाले तीन वर्षसम्म गाउँपालिकामा नवीकरण नगरेमा उक्त बालक्लब वा संस्था स्वतः खारेज हुनेछ ।

१०. **बालक्लब सञ्जाल दर्ता तथा नवीकरणः** (१))इच्छाकामना गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले गाउँ स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित पालिकामा निवेदन दिनु पर्दछः

(क) बालक्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बालक्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरू,

(घ) बालक्लबवा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण ।

(२) गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा गाउँपालिकाले सञ्जालको दर्ता गरी १५ दिनभित्र प्रमाणपत्र दिनेछ।

(३) गाउँपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको सङ्क्षिप्त विवरण, सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा गाउँपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्दछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा गाउँपालिकाले बाल सञ्जालको नवीकरण गरिदिनेछ।

(५) गाउँपालिकाले बालसञ्जाललाई व्यवस्थित गर्न गाउँ बालअधिकार समितिको सिफारिशमा वडा वा पालिकास्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ ।

(६) बालसञ्जालदर्ता र नवीकरण गरे बापतकुनै शुल्क लिइने छैन ।

(७) बालसञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

११. **बालक्लबको काम, कर्तव्य र अधिकार**(१) बालक्लब को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालकाहाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्दि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाइजीवनपयोगी सीपको बारेमा जानकार गराउने,

(ङ) बालक्लब लाइ बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बालक्लब लाइ परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन; र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको बिरूद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तरअनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँगसमन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सक्रिय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा गाउँपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका, वडा तथा टोल विकाससंस्थाहरुलाई सहयोग गर्ने,

(२)उपदफा (१) मा जे सुकै लेखेको भए तापनि बालक्लब , बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरू गर्न गराउन निषेध गरिएको छः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउज्यान माथि क्षति पुर्‍याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वासमुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर प्रतिस्पर्धा,आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सिंगो परियाजेना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरू गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्नेकार्यहरु गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई गाउँबाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा गाउँपालिका वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन।

१२. **बाल सञ्जालको काम, कर्तव्य र अधिकारः**(१) बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

(ख) आबद्ध बालक्लबहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई वडा, पालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने ।तर, यस्ता किसिमका गतिविधिहरू सञ्चालन गर्दा आफ्ना तथाअन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बालअधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालक्लबहरू मार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने।

(ङ) गाउँपालिकाले स्थानीयस्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(च) स्थानीयस्तरमा बालबालिका माथि हुने सबै किसिमका दुर्व्यवहार,हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरबी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

(छ) बालक्लबहरुले आयोजना गर्नेकार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रमसम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत् अन्य संघसस्था तथा सरोकारवालाहरू बीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

(ञ) आफ्नो क्षेत्र भित्र रहेका बाल क्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा पालिका र नगर बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजृना गर्ने ।

१३. **<u>बालबालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्वः</u>**(१) बालक्लब , बाल संस्था वा बाल सञ्जालका सबै उमेर, लिंग, जातजाति, अपांगता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्व गर्ने गरी समावेशी हुनुपर्नेछ ।

तर, यस व्यवस्थाले बालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत बालक्लब वा संस्था सञ्चालन गर्न रोक लगाएको मानिनेछैन ।

(२) बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका क्रियाकलापहरुमा बढि भन्दा बढि बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

(४) बालक्लब, संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढि पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन ।

(६) बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(७) बालक्लब, संस्था वा सञ्जालले दलिय राजनैतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन। तर, राजनैतिक विचारधारा रदृष्टिकोणका विषयमा वहस र छलफल सञ्चालन गर्न यस नियमले बाधा पुर्याएको मानिनेछैन ।

१४. **<u>बालक्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेलाः</u>** (१)सार्वजनिक निकाय वासंस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, पालिकास्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) उपदफा(१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ ।

१५. **बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक दायित्वः**(१) बालक्लबवा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्तिवा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाइ आर्थिक दायित्व दिन हुँदैन ।

(२) बालक्लबवा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

(३) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्नकुनै व्यक्ति वा संस्था लाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।

## परिच्छेद ५

### स्थानीयबाल अधिकार समिति सम्बन्धी व्यवस्था

१६. **गाउँबाल अधिकार समितिको गठनः** (१) पालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बाल अधिकार समिति गठन हुनेछः-

(क) उपाध्यक्ष –अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य,
माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना
फोकल शिक्षक मध्ये १ जना
सूचीकृत समाज सेवी वा सामाजिक कार्यकर्ता, बाल मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्समध्ये १ जना गरी जम्मा ५ जना –सदस्य

(ग) गाउँपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना -सदस्य

(घ)बाल क्लवले तोकेको १ जना बालिका सहित २ जना – सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी – सदस्य

(च) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(छ) बाल कल्याण अधिकारी –सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

१७. **गाउँबाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझावदिने,

(ग) स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) स्थानीय तहभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो पालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) स्थानीय तहमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा स्थानीय तहमा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) स्थानीय तहमा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ (दश,नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) गाउँपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूइन्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) गाउँपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बालक्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२)समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **<u>गाउँबाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:</u>** बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :–

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य–सचिवले बोलाउनेछ ।

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिकोबैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लब का प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि)इच्छाकामना गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

२०. **वडास्तरीय बाल अधिकार समितिः** (१) पालिकाले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने वडास्तरीय बाल अधिकार समिति गठन गर्न सक्नेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष १ जना –अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य,
माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना
फोकल शिक्षकमध्ये १ जना,
बाल मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्स १ जना गरी ५ जना –सदस्य

(ग) वडाको बालबालिका इकाइ, शिक्षा इकाइ र स्वास्थ्य इकाइ प्रमुख ३ जना -सदस्य

(घ) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना –सदस्य

(ङ) वडाप्रहरी प्रमुख, नेपाल प्रहरी –सदस्य

(च) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायकाक्षेत्रमा कार्यानुभव भएका व्यक्तिमध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित २जना -सदस्य

(छ) वडा सचिव –सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः–

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतनदेखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (२)माजेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

२१. **<u>वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने

(छ) वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यिन गर्ने

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने

(ट) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी गाउँ बाल अधिकार समितिमा पेश गर्ने

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी गाउँबाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

२२. **<u>वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>**वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः–

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य–सचिवले बोलाउनेछ ।

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ६

## बाल कल्याण अधिकारी

२३. **बाल कल्याण अधिकारीको नियुक्ती:**(१)गाउँपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुनेगरी एकजना बालकल्याण अधिकारी गाउँपालिकाको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म पालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले गाउँबालअधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

२४. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:**बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालअधिकार समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथाकार्यान्वयन गर्न स्थानीयतह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम्कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) गाउँपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषणगरीप्रतिवेदन तयार गर्ने ।

(घ) गाउँपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी गाउँबालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण गाउँपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(छ) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम गाउँपालिकाभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था,पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) गाउँपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षणर घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने ।

(ढ) गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ७

**<u>बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था</u>**

२५. **समाजसेवी तथा बाल मनोविज्ञको सूची तथा नियुक्ती**:(१) गाउँपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले गाउँबाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त नगर बालअधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित गाउँ बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा गाउँ बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा नगर बालअधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक गाउँपालिकाले व्यवस्था गर्नेछ ।

२६. **सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः** (१) गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरू गाउँपालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) सूचीकृत गर्नका निमित्त गाउँ बालअधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) गाउँपालिकामा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित गाउँबाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गाउँ बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा गाउँ बालअधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद ८
## बाल कोष सञ्चालन तथा व्यवस्थापन

२७. **बालकोषः** (१)विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ पालिकास्तरमा एक बाल कोष रहनेछ।

(२)उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) पालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानी

२८. **कोष सञ्चालक समितिः**(१)गाउँपालिकामा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | अध्यक्ष,गाउँ बाल अधिकार समिति, | – संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | लेखा प्रमुख | - सदस्य |
| (घ) | गाउँ बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | – सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२९. **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) तत्कालीन समयमा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरीयस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्र्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

३०. **<u>बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिकाउ पस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनरुथापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् ।तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

३१. **<u>कोषको प्रयोग प्रयोजनः</u>**(१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

३२. **बालकोषको खर्चका सीमाः** (१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजार सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५ हजार सम्म

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(२) बालकोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

३३. **कोषको खाता सञ्चालनः**(१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि इच्छाकामना गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

३४. **कोषको लेखा र लेखा परीक्षणः**(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९
## विविध

३५. **स्रोतको व्यवस्थापनः**गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ

३६. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ

३७. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ।

३८. **संसोधन गर्न सकिनेः** यस कार्यविधिलाई गाउँसभाले आवश्यक संसोधन गर्न सक्नेछ।

३९. **खारेजी र बचाउः** यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

४०. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः**गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची-१

## सञ्चालनमा रहेका बालगृह वा ऐनको दफा ५२ बमोजिम स्थापना हुने बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड (नमूना)

**(क)भौतिक पूर्वाधार र सुविधाः**

१. बालगृह रहने भवन बाढी, पहिरो जस्ता प्राकृतिक जोखिम नहुने ठाऊँमा हुनु पर्दछ ।

२. बालगृह पर्खालसहितको सुरक्षित, सुविधाजनक, बालमैत्री एवम् अपाङ्गतामैत्री हुनु पर्दछ ।

३. बालबालिकाको शयन कक्षमा प्रत्येक बालबालिकाका लागि कम्तीमा ३० वर्ग फिट सतह पर्नेएउटा शयन कक्षमा बढीमा ८ जना बालबालिका सम्म बालबालिका राख्ने, खाट बढीमा दुई तल्लाको मात्र हुनेगरी मौसम अनुसारको पर्याप्त र सफा ओढ्नेओछ्याउने उपलब्ध हुनु पर्दछ ।

४. बालक र बालिकाको सुत्ने व्यवस्था बेग्लाबेग्लै भवन, तला वा खण्डमा हुनु पर्दछ ।

५. बिरामी वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति हेरचाहकर्तालाई नजिकै सुताउने व्यवस्था हुनु पर्दछ । तर, बालबालिकाको शयन कक्षमा बालगृहका अन्य कर्मचारी सुत्नु हुँदैन ।

६. बालबालिकालाई आफ्ना निजी सरसामान, शैक्षिक सामग्री र कपडा राख्नको लागि प्रत्येक सुरक्षित स्थान उपलब्ध गराउनु पर्दछ ।

७. बालक र बालिकाका लागि (१० जना सम्मका लागि) अलग्गै सफा तथा बालमैत्री र लैङ्गिकमैत्री शौचालय र स्नानघरको व्यवस्था हुनु पर्दछ ।

८. बालबालिकालाई व्यक्तिगत सरसफाइका लागि आवश्यक स्वच्छ, चिसो र तातोपानी उपलब्ध हुनु पर्दछ र फोहोरको उपयुक्त व्यवस्थापन गर्नु पर्दछ ।

९. बालगृह रहेको भवनमा अनिवार्य रुपमा भान्सा, भण्डार, भोजन, शयन, अध्ययन तथा पुस्तकालय, मनोरञ्जन, मनोविमर्श तथा प्राथमिक उपचार, कार्यालय लगायत जस्ता कक्षहरुको व्यवस्था हुनु पर्दछ । उक्त कक्षहरुमा आवश्यक र उपयुक्त फर्निचर, सामान, झ्याल र घाम/हावा पुग्ने हुनु पर्दछ ।

१०. अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher)को व्यवस्था हुनु पर्दछ ।

११. बालगृहको साइनबोर्ड सबैले देख्ने गरी राख्नु पर्दछ ।

## (ख) बालबालिकाका लागि आधारभूत सेवासुविधाः

१२. प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा औपचारिक शिक्षाको प्रवन्ध गर्नु पर्दछ ।

१३. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षाको प्रवन्ध गर्नु पर्दछ ।

१४. बालगृहमा बिहान वा बेलुकी शिक्षण-सिकाइको व्यवस्था गर्नु पर्दछ ।

१५. बालबालिकालाई नियमित स्वास्थ्य जाँच र उपचारको व्यवस्था हुनु पर्दछ ।

१६. सबै बालबालिकाको स्वास्थ्य बिमा गराउनु पर्नेछ । स्वास्थ्य बिमामा समावेश नभएका गम्भीर प्रकृतिको स्वास्थ्य समस्या भएका बालबालिकालाई अन्य स्वास्थ्य संस्थासँग सम्झौता गरी उपचारको व्यवस्था तुरुन्त गर्नु पर्दछ ।

१७. बालबालिकालाई बालगृहमा भर्ना गर्ने बित्तिकै मौसम अनुसारको अनौपचारिक पोशाक, विद्यालय जाने बालबालिकाका लागि मौसम अनुसारको कम्तिमा दुइजोर विद्यालय पोशाकको व्यवस्था गर्नु पर्दछ ।

१८. बालबालिकाका लागि मौसम अनुसारको स्वस्थ र पोषणयुक्त पर्याप्त खानाको व्यवस्था (बिहानको खाजा, खाना, अपरान्हको खाजा र बेलुकीको खाना) हुनु पर्दछ । पत्रु खाना (Junk Food) मात्र नियमित खुवाउँनु हुँदैन ।

१९. ओढ्ने, ओछ्याउने, लगाउने लुगाहरु लगायतका लत्ताकपडाहरु सफा राख्नु पर्दछ ।

२०. संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ ।

२१. बालबालिकालाई जातजाति, भूगोल, धर्म, लिङ्ग, भाषा, शारीरिक, मानसिक जस्ता अवस्थाका आधारमा भेदभाव गर्नु हुँदैन ।

२२. बालगृहमा रहेका बालबालिकालाई कुनै पनि किसिमका दुव्र्यवहार, हिंसा, शोषण वा भेदभाव गर्नु हुँदैन ।

२३. बालगृहमा रहेका बालबालिकाको जन्मदर्ता प्रमाणपत्र नभएको अवस्थामा प्रचलित कानून अनुसार जन्मदर्ता प्रमाणपत्रको व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

२४. मनोसामाजिक विमर्शको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार परामर्शको व्यवस्था हुनु पर्नेछ ।

२५. बालबालिकाको पढाइमा अवरोध हुने र हित विपरित हुने गरी बालबालिकालाई कुनै पनि कार्य गराउन पाइनेछैन ।

२६. बालबालिकासँग सम्बन्धित हिंसा, शोषण लगायतका घटनाको सम्बोधन यथाशीघ्र गर्नुपर्दछ र कानूनी प्रक्रियाको आवश्यकता भएको अवस्थामा सोको व्यवस्था गर्नु पर्दछ ।

२७. बालबालिकाको सहज पहुँच र गोपनीयता कायम हुने गरी बालगृहमा गुनासो/सुझाव पेटिकाको व्यवस्था हुनु पर्दछ । गुनासो सुनुवाई संयन्त्रबाट प्रत्येक दिन उक्त पेटिका खोली प्राप्त गुनासो/सुझावलाई तत्काल सम्बोधन गर्नुपर्दछ । उजुरीकर्तासँग प्रतिशोध नलिइने सुनिश्चित गर्नु पर्दछ ।

२८. बालगृहमा बालबालिकासँग सम्पर्क गर्न आउने कुनै पनि व्यक्ति बालगृहका व्यवस्थापक वा कर्मचारीलाई असम्बन्धित वा शंका लागेमा निजको आवतजावत तथा बालबालिका सँगको सम्पर्कलाई निषेध गर्नु पर्दछ ।

२९. बालगृहमा आवासीय कर्मचारीबाहेक कुनै पनि बाह्य व्यक्तिहरु तथा स्वदेशी वा विदेशी स्वयम्सेवकलाई बास बस्न दिन पाइनेछैन ।

३०. बालगृहमा कुनै दुर्घटना भएमा वा बालबालिकालाई आपतकालीन अवस्था भएमा अपाङ्गता भएका बालबालिकाले पनि तत्काल सूचना दिन सक्ने व्यवस्था मिलाउनु पर्दछ ।

३१. सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउनु पर्दछ ।

३२. बालबालिकाको पारिवारिक धर्म र संस्कार अनुसारको क्रियाकलाप गर्ने व्यवस्था हुनु पर्दछ । तर बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु, गराउनु हुँदैन ।

३३. बालगृह र बालबालिकाको सहमतिबिना कसैलाई पनि फोटो, भिडियो खिच्न दिनु हुँदैन ।

३४. बालबालिकालाई बालगृहमा कसैले पनि हेपाइ/बुलिङ गर्न पाइनेछैन ।

३५. ३ वर्षसम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तीमा १ जना, ४ देखि १० वर्षसम्मका लागि १० जनामा १ जनाका लागि कम्तीमा १ जना हेरचाहकर्ता (कम्तिमा एकजना महिला) हुनु पर्दछ ।

३६. बालिकामात्रका लागि सञ्चालित बालगृहमा आवासीय कर्मचारी महिला हुनु पर्दछ ।

**(घ) मनोरञ्जन, खेलकुद, विकास, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापः**

३७. बालगृहभित्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासका लागि उमेर, रुची, क्षमता अनुसारको मनोरञ्जन, खेलकुद, श्रव्यदृष्य सामग्री लगायत बालगृहबाहिर समेत उपयुक्त खेलकुदको व्यवस्था हुनु पर्दछ ।

३८. बालबालिकाको रुची अनुसार चित्रकला, मुर्तिकला, गीत, संगीत, साहित्य लगायतका सिर्जनात्मक कार्यहरु गर्ने व्यवस्था गर्नु पर्दछ ।

३९. बालगृहका १६ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई जीवनोपयोगी तथा उनीहरुको रुची र क्षमता अनुसारको तालिमको व्यवस्था गर्नु पर्दछ ।

४०. बालबालिकालाई वर्षमा कम्तिमा एक पटक बनभोज वा शैक्षिक भ्रमणको व्यवस्था गर्नु पर्दछ ।

४१. बालगृहमा बालक्लवको व्यवस्था हुनु पर्दछ ।

**(ङ) सूचना व्यवस्थापनः**

४२. बालबालिकाको फोटोसहित वैयक्तिक विवरण, जन्मदर्ता प्रमाणपत्र, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, घटना व्यवस्थापन जस्ता सूचना अनिवार्य पूर्ण रुपमा अध्यावधिक राख्नु पर्दछ ।

४३. प्रचलित कानून बमोजिम बालबालिकाका संवेदनशील सूचना गोप्य राख्नु पर्नेछ ।

४४. बालगृहभित्र बालबालिका, बालगृहका पदाधिकारी र कर्मचारी, बाह्य आगन्तुक वा जो कोहीले पालना गर्नुपर्ने आचारसंहिता देखिने गरी राख्नु पर्दछ ।

४५. बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिकालगायत कसैबाट पनि लागूपदार्थ, चुरोटसुर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नुपर्दछ ।

४६. बालगृहको प्रशासनिक र आर्थिक लगायतका सूचना वा फाइल अध्यावधिक गर्नुपर्दछ ।

**(च) अन्य व्यवस्थाः**

४७. बालगृहमा दैनिक तथा साप्ताहिक कार्यतालिका र भोजन तालिका बनाई कार्यान्वयन गर्नु पर्दछ ।

४८. बालबालिकालाई समयसमयमा आफन्तसँग सम्पर्क तथा भेटघाट गर्ने व्यवस्था गर्नु पर्दछ ।

४९. बालगृहमा कार्य गर्ने सबै कर्मचारीलाई बालगृहको नीति तथा मापदण्ड, बाल अधिकार र बालमैत्री व्यवहारबारे अनुशिक्षण वा तालिम दिएको हुनुपर्नेछ ।

५०. बालगृहमा कम्तीमा ३० जना बालबालिका लागि देहायको संख्यामा कर्मचारी हुनुपर्छः

| | |
|---|---|
| १. भान्से तथा हेरचाहकर्ता (महिला १) | २ जना पूर्णकालीन |
| २. शिक्षण, सिकाइ सहजकर्ता | १ जना पूर्णकालीन/आंशिक |
| ३. व्यवस्थापक/प्रशासक | १ जना पूर्णकालीन |
| ४. मनोविमर्शकर्ता | १ जना पूर्णकालीन/आंशिक |
| ५. स्वास्थ्यकर्मी | १ जना पूर्णकालीन/आंशिक |
| ६. खेल/मनोरञ्जन सहयोगी | १ जना आंशिक |
| ७. सामाजिक कार्यकर्ता | १ जना पूर्णकालीन/आंशिक |

बालगृहमा रहने कर्मचारी र स्वयम्सेवकको नियुक्ति र सेवासुविधा सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने ।

## अनुसूची-२

**बालक्लब दर्ता प्रमाण-पत्र लिन दिइने निवेदनको ढाँचा**

मितिः

श्री........................... .......

.......................।

**विषयः–बालक्बल वा संस्था वा सञ्जाल दर्ता सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा.........................जिल्लाको.............................. गाउँ/नगर/उपमहानगर/महानगरपालिकावडानं......टोल ..................... स्थित बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी ........ जना सम्मिलित हुनेगरी ......................................... नामक बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली२०७७ को नियम ४ को उपनियम (१)बमोजिम उल्लेखित बालक्लब वा संस्था/बाल सञ्जाल दर्ता गरिदिनुहुन अनुरोध छ।

**संलग्नगरिएकाकागजातहरु**

१. बालक्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण
२. बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा,ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
३. बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
४. बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखत :
नाम :
पद :
सम्पर्कनं. :

## अनुसूची-३
## संस्था/बाल क्लव/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना

**.....**पालिका

**.....** जिल्ला

**......** प्रदेश

नेपाल

**<u>सूचीकृत/आवद्धता प्रमाणपत्र</u>**

आवद्धता नं.- मितिः-

श्री......................................संस्था/बाल क्लव/सञ्जाल
ठेगाना .......... ।

..............................जिल्ला......................................नगरपालिका..............वडा नं......को ............................विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन ......................संस्था/बाल क्लव/सञ्जाललाई यस .......................... पालिकामा आवद्धता गरी बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ....दफा .. ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखतः

**अनुसूची ४**
**संस्था/बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा**
**निवेदन पत्रको ढाँचा**

मिति

श्री प्रमुखज्यू,

**......**पालिका

कार्यपालिकाको कार्यालय

.......................................

......................................।

**विषयः- संस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आबद्धता गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ........................................... नामको संस्था/बाल क्लव/सञ्जाल खोल्न चाहेकोले इच्छाकामना गाउँसभाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९ को परिच्छेद ...दफा...ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बाल क्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ।

भवदीय
अध्यक्ष

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

१) अनुसूची २ अनुसारको निवेदन

२) संस्था/बाल क्लब/सञ्जालको विधान २ प्रति (संस्था/बाल क्लब/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बाल क्लब/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

३) बालक्लवको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लवको कार्यसमितिको बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि

**अनुसूची ५**
**संस्था/बाल क्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा**
**निवेदन पत्रको ढाँचा**

मिति

श्री प्रमुखज्यू,

**......**पालिका

कार्यपालिकाको कार्यालय

.......................................

.....................................।

**विषयः- संस्था/बाल क्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे।**

महोदय,

............जिल्ला ...............................नगरपालिका................................वडा नं.................................स्थित .............................विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा आधारित हाम्रो ......................................... नामको संस्था/बालक्लव/सञ्जाल इच्छाकामना गाउँसभाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९ को परिच्छेद....दफा..... ले गरेको व्यवस्था" बमोजिम मिति.................मा दर्ता/सूचीकृत भै क्रियाशील रहदै आएको छ । हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं.......रहेको छ । यस सिलसिलामा बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९ को परिच्छेद .....दफा..... ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ।

भवदीय
अध्यक्ष

संस्था/बाल क्लव/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

१) अनुसूची .. अनुसारको निवेदन
२) संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरु
३) संस्था/बाल क्लब/सञ्जालको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस
५) वडाको सिफारिस
६) संस्था/बाल क्लब/सञ्जाल दर्ताको प्रतिलिपि

## अनुसूची ६

......... पालिका

........... जिल्ला

.........प्रदेश

### संस्था/बालक्लव/सञ्जाल सूचीकरणको दर्ता किताव

| क्र. सं. | संस्था/बालक्लव/ सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लव/ सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ७

....... पालिका

....... जिल्ला

........ प्रदेश

### संस्था/बालक्लव/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव

| क्र. सं. | संस्था/बालक्लव/ सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लव/ सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसुची ८

## नगर बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

**.....**पालिका
स्थानीय बाल अधिकार समिति

**उजुरी निवेदन फारामको ढाँचा**

मिति .......................

१.विद्यार्थीको नाम थर ...........................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा................... (आफूलाईकक्षा लेख्न मन नलागेमानलेख्दा हुने)

३. विद्यालयको नाम ...................................................................

४. उमेर ..........................

५.लिङ्ग .................

६. गुनासो तथा घटना ......................................................................

७. घटना घटाउने व्यक्ति .................................................................

८.घटनाको प्रकृति ...............................................................................

९.घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ................................

१०.घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

...........................................................................................................................................
...........................................................................................................................................
...........................................................................................................................................
.................................................................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)